## १०४ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०७८।०३।०६ गते

निर्णय नं. १: १०३ औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

निर्णय नं. २: यस शुक्लाफाँटा नगरपालिकाको आगामी आ. व. २०७८।०७९ को लागि तयार गरिएको नीति तथा कार्यक्रम र बजेट बक्तव्य स्वीकृतका लागि नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ३: आगामी आ. व. २०७८।०७९ को लागि आय र व्ययको अनुमान (बजेट) अनुमोदनको लागि नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ४: यस शुक्लाफाँटा नगरपालिकाको आ. व. २०७८।०७९ का लागि आर्थिक विधेयक, २०७८ र विनियोजन विधेयक, २०७८ निर्णयार्थ नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ५: आ. व. २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ६: चालु आ. व. २०७७।०७८ मा कोरोना भाईरस (कोभिड-१९) रोग रोकथाम, नियन्त्रण, परिक्षण तथा उपचार गर्न, आईसोलेसन व्यवस्थापन, अस्थायी कोभिड अस्पताल व्याबस्थापनका लागि र विभिन्न वडा/शाखाबाट सिफारिस भएका विभिन्न शिर्षकको योजना परिवर्तन प्रस्ताव नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ७: चालु आ. व. २०७७।०७८ मा विनियोजित शिर्षकहरूमा बजेट अपुग हुने भएकोले बचत हुने शिर्षकहरूबाट अपुग हुने शीर्षकहरूमा रकमान्तर गर्न नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ८: बाल संरक्षण नीति, २०७८ को मस्यौदा स्वीकृत गरि नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ९: आ. व. २०७७/०७८ मा न्यायीक समितिले गरेका कामको बार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने ।

निर्णय नं. १०: यस नगरपालिकामा विगत देखि ज्यालदारी एवं करारमा कार्यरत कर्मचारीहरूलाई आगामी आ. व. २०७८।०७९ मा म्याद थप गरि काम काजमा लगाउन आवश्यक देखिएकोले म्याद थपको लागि नवौं नगर सभामा पेश गर्ने ।

निर्णय नं. ११: नगर सभाको तयारीको लागि अतिरिक्त समयमा काम गर्ने प्रमुख प्रशासकीय अधिकृतले तोकेका बढीमा १५ जना कर्मचारीहरूलाई सूरु तलब स्केलको १५ दिनको थप पारश्रमिक उपलब्ध गराउने ।

निर्णय नं. १२: सुकुम्बासी समस्या समाधान कोषको रकम देहाय बमोजिम खर्च गर्ने ।

| क्र.स. | बिषय | रकम रु |
|---|---|---|
| १ | तथ्यांक संकलनको ज्याला | रु १०,००,०००।— |
| २ | डाटा प्रबिष्टीकर्ताको ज्याला | रु ५,००,०००।— |
| ३ | फर्निचर, कम्प्युटर, प्रिन्टर, फ्रिज लगायत कार्यालय व्यवस्थापन खर्च | रु ७,००,०००।— |
| ४ | सहजीकरण समिति तथा कर्मचारी भत्ता | रु १८,००,०००।— |
| ५ | घर बहाल | रु १,००,०००।— |
| ६ | संचार खर्च | रु ५०,०००।— |
| ७ | स्टेशनरी खर्च | रु ३,००,०००।— |
| ८ | खजा खर्च | रु ७,००,०००।— |
| ९ | तालिम खर्च | रु ३,००,०००।— |
| १० | बिबिध खर्च | रु ५,५०,०००।— |
| | जम्मा | रु ६०,००,०००।— |

निर्णय नं. १२: ईलाका प्रहरी कार्यालय, कंचनपुरको च. नं. २७५२ मिति २०७८।०३।०४ गतेको पत्रानुसार उक्त कार्यालयलाई चालु आ. व. मा गाडी मर्मत तथा प्रहरी विट निर्माणको लागि रू. १,८०,०००।—, ( एक लाख असी हजार मात्र) अनुदान छुट्यईएकोमा गाडि मर्मतको बील गत आ. व. को भएकाले नियमानुसार उक्त बील भुक्तानीको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, कंचनपुरलाई सिफारिस गर्ने।

**निर्णय नं. १३:** श्री किशोर निर्माण सेवा, वेदकोट-७, कंचनपुरलाई घ वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र दिने ।

**निर्णय नं. १४:** स्याली, सुनवरा र वनहारा नदिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. १५:** आ. व. २०७७/०७८ मा न्यायीक समितिले गरेका कामको बार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने ।